


# अध्याय -१३

## शान्तिको निम्ति तत्पर

**यस अध्यायका मूल पदहरूः एफिसी ६:१०-२०; १ पत्रुस ४:१; १ पत्रुस ५:८; यशैय ५९:१७; यशैया ५२:८-१०; १ थेस्सोलिनिकी ५:१६-१८।**



**<u>यस अध्यायको मूल सार पदः</u> "सबै परिस्थितिहरूमा विश्वासको ढाल उठाओ, जसबाट तिमीहरू दुष्टका सबै अग्निबाण निभाउन सक्नेछौ। मुक्तिको टोप लगाओ, र पवित्र आत्माको तरवार लेओ, जोचाहिँ परमेश्वरको वचन हो।" एफिसी ६:१६-१७।**

आफ्नो आस्थाको कारण प्रचारक र लेखक जोन बन्यान (१६२८-१६८८) विलायतको झ्यालखानामा १२ वर्ष थुनिएको थियो। ती अन्धकार दिनहरूमा उनले इसाई क्षेत्रमा प्रख्यात आत्मिक पुस्तक, *द पिलग्रिम्स प्रोग्रेस* लेखेका थिए। यो रोचक काल्पनिक कथा हो जसमा एक जना इसाई यात्रु आफ्नो बोझ हटाउन यात्रा गरेको थियो। त्यही यात्राको दौरानमा उसलाई एउटा दरवारमा लगियो जहाँ "विभिन्न खालका अस्त्र-शस्त्रहरू थिए। त्यसको मालिकले त्यस यात्रुलाई तरवार, ढाल, शिरमा लगाउने टोप, छातीपाता, सर्ब-प्रार्थना र कहिल्यै नखिइने जुत्ता दिएका थिए। त्यस दरवारमा परमेश्वरका जनहरू उहाँको सेवा गर्न प्रसस्तमात्रामा हतियारहरू थिए। ती अस्त्रहरू स्वर्गका ताराहरू जतिकै थुप्रो त्यहाँ थिए।" त्यस इसाई यात्रु फर्किनुभन्दा पहिला उसलाई अर्को कोठामा लगियो जहाँ

उसलाई कुनै अस्त्रले पनि छेड्न नसक्ने शिरदेखि पाइटालासम्म पोशाक लगाइदिए। बाटोमा कसैले उसलाई  आक्रमण गऱ्यो भने त्यसबाट सुरक्षित हुन उनसाई ती हतियार र सुरक्षा पोशाक लगाइदिएको थियो।

सन् १६७८ मा जो बन्यानले लेखिएको त्यस पुस्तक उनीभन्दा १६०० अघि प्रेरित पावलले झ्यालखानाबाट लेखेका एफिसीको पुस्तकलाई याद दिलाउँछ। यस पुस्तकमा सुसमाचारका महान् प्रचारक प्रेरित पावलले चर्चलाई महान् युद्ध फौज भनेर कल्पना गर्दछन्। त्यस चर्चलाई परमेश्‍वरले पानोप्लिया panoplia जुन ग्रिक भाषामा सैनिकले लगाउने शिरदेखि पाइटालासम्म ढाक्ने हतियार परमेश्‍वरका जनहरूलाई भिराइ दिनुभएको थियो भनेर उनले लेख्दछन्। परमेश्‍वरको नाउँमा शान्तिको निम्ति युद्ध गर्न उहाँले उहाँका प्रत्येक सैनिकलाई अत्यन्तै प्रभावकारी हतियार भिराइदिनुहुन्छ। यो शिरदेखि पाइटालासम्म छोप्ने फलाम लुगा हो।

## १. चर्चः एककृत फौज

**चर्च कस्तो खालको युद्धमा लागिरहेको छ भनेर पावलले एफिसी ६:१०-२०मा वर्णन गर्दछन्? के पावलले केवल व्यक्तिगत विश्‍वासीमात्र आत्मिक युद्धमा समावेश भएको छ कि सामुहिकरूपमा चर्च नै दुष्टसँग मुकाबिला गरिरहेको छ भनेर बताउँछ? हेर्नुहोस्, " १० अब अन्त्यमा, प्रभुमा र उहाँका शक्तिको सामर्थ्यमा बलवान् होओ। ११ दियाबलसका युक्तिहरूका विरुद्धमा खड़ा हुन सक्नलाई परमेश्‍वरका सारा हातहतियार धारण गर। १२ किनकि हामीहरूको युद्ध शरीर र रगतको विरुद्ध होइन, तर प्रधानताहरूका विरुद्ध, शक्तिहरूका विरुद्ध, वर्तमान अन्धकारका सांसारिक शासकहरूका विरुद्ध र स्वर्गीय स्थानहरूमा भएका दुष्ट्याइँका आत्मिक सेनाहरूका विरुद्ध हो। १३ यसैकारण परमेश्‍वरका सारा हातहतियार उठाओ, र यसरी खराब दिनको सामना गर्न सक, र सबै काम गरेर खड़ा हुन सक्ने होओ। १४ यसकारण आफ्ना कम्मर सत्यले कसेर, धार्मिकताको छाती-पाता लाएर खड़ा होओ, १५ र खुट्टामा मिलापको सुसमाचारका जुत्ता लाएर तयार होओ। १६ साथै विश्‍वासको ढाल उठाओ, जसबाट तिमीहरू दुष्टका सबै अग्निबाण निभाउन सक्नेछौ। १७ मुक्तिको टोप लगाओ, र पवित्र आत्माको तरवार लेओ, जोचाहिँ परमेश्‍वरको वचन हो। १८ सारा प्रार्थना र निवेदनसाथ सब समय पवित्र आत्मामा प्रार्थना गर। यस उद्देश्यले लगनशील र सतर्क भएर सबै सन्तहरूका निम्ति प्रार्थना**

**गरिरहो। १९ मेरो निम्ति पनि प्रार्थना गर, कि जब म आफ्नो मुख खोल्छु तब मलाई वचन दिइओस्, र म निर्भयतासाथ सुसमाचारको रहस्य घोषणा गर्न सकूँ, २० जसको निम्ति म साङ्लाले बाँधिएको एक राजदूत हुँ, र जसरी मैले बोल्नुपर्ने हो, त्यसरी म साहससँग बोल्न सकूँ।" एफिसी ६:१०-२०।**

पौराणिक ग्रीक र रोमी युद्धभूमिमा जब सैनिकहरू एक भएर एक आपसलाई सहयोग गर्दथे तब त्यसबेला निर्णायक जितहार हुन्थ्यो। युद्धमा एक्लै लडाइँ गर्ने प्रवृत्ति असभ्य जातिको लडाइँ मानिन्थ्यो। त्यसबेला युद्धमा त्यस व्यक्तिको हार हुन सुनिश्चित थियो। पावलले आत्मिक युद्धभूमिमा सैनिक नीतिको चित्रण गरेको अत्यन्तै उपयुक्त छ। जसरी युद्धमूमिमा सैनिकहरू एकआपस मिलेर युद्ध गर्छन् त्यसरी नै सैतान र उसका दुष्ट फौजसँगको युद्धमा विश्वासीहरू पनि एक भएर लड्नुपर्छ भनेर पावलले बताउँछन्। एफिसी ६:१०-२०मा विश्वासीहरू युद्धमा कसरी एक हुनुपर्छ भनेर उल्लेख गर्दछन्: १. यो अंश चर्चको बारेमा लेखेको पत्रको चरमबिन्दु हो। यदि इसाई एक्लैले "मेरो आस्था र विश्वासको अरू विश्वासीहरूसँग केही सरोकार छैन" भनेर अन्धकारका शक्तिहरूसँग लडाइँ गर्छ भनेर चित्रण गरेर पावलले पत्र सिध्याउँछ भने त्यो अनौठो हुनसक्छ। २. यस अंशको अन्तमा पावलले प्रार्थनामा इसाईहरूको बीचमा हुनुपर्ने एकतालाई उल्लेखनीयरूपमा प्रस्तुत गर्दछन् "सबै सन्तहरूको निम्ति प्रार्थना गर्नु" (एफिसी ६:१०-२०); ३. अझ अत्यन्तै महत्त्वपूर्ण विषय त दुष्ट तथा अन्धकारका शक्तिहरू व्यक्तिगत विश्वासीहरू होइन चर्चमाथि नै छ भनेर आफ्नो पत्रमा उनले छलफल गर्दछन् "ताकि यसरी मण्डलीद्वारा परमेश्वरका विभिन्न किसिमका ज्ञान स्वर्गीय स्थानहरूमा शासकहरू र अख्तियारवालाहरूका माझमा प्रकट गरिओस्।" एफिसी ३:१०।

यसरी एफिसी ६:१०-२०मा कुनै पनि इसाई आत्मिक सैनिक दुष्टसँग मुकाबिला गर्न एक्लै भिड्छ भनेर पावलले चित्रण गर्दैन। बरू पावलले समुच्चरूपमा चर्चलाई एक सैनिक फौज भनेर साधारणरूपमा सम्बोधन गर्दछन्। हामीलाई सुसज्जित गरिएको सम्पूर्ण हतियार भिरेर चर्चसँग एकै फौजमा सामेल भएर जोशिलो र एक भएर युद्धभूमिमा अघि बढौं भनेर पावलले हामीलाई आह्वान गर्दछन्। कोही इसाई पनि टापु होइन तर चर्चमा एक भएर आवद्ध हुँदै दुष्टसँग संग्राम गर्नुपर्छ भन्ने पावलको जीकिर छ। उनको निम्ति चर्च ख्रीष्टको शरीर हो (एफिसी १:२२,२३; एफिसी ४:१-१६), परमेश्वरको

मन्दिर वा भवन हो (एफिसी २:१९-२२) र ख्रीष्टको दुलही हो (एफिसी ५:२१-३३) र चर्चलाई चित्रण गरेको उनको अन्तिम चित्रणमा यो जीवित परमेश्वरको फौज हो। हामी "खराब दिनको" (एफिसी ६:१३) नजिक भएकोले र सैतान र उसका मतियारहरूसँग अन्तिम युद्धमा हामी सरिक भइरहेकाछौं। त्यसकारणले परमेश्वरप्रति हाम्रो समर्पणता र विश्वासीहरू ख्रीष्टका सैनिकहरू हुन् भनेर एक आपसमा बफादार हुने कुरामा धलमलिन हामीलाई समय छैन भनेर सोच्नु अनिवार्य छ।

**परमेश्वर र सैतानसँग भइरहको भिषण महाद्वन्द्वमा चर्चमा एक भएर कसरी युद्धभूमिमा सामेल हुने? चर्च र चर्चको प्रत्येक सदस्य दुष्टसँग मुकाबिला गरिरहेका हुन्छन्। खराब तत्व जे भएतापनि विश्वासीहरू एक आपसलाई सहयोग गरेर कसरी संघर्षमा उत्रिने?**

## २. कम्मर पेटी र छातीपाता

**हामी विशेष येशूका विश्वासीहरू भएको हैशियतले सैतान र उसका खराब तत्वहरूसँग क्षण क्षण मुकाबिला गरिरहनुपरेको महसुस गर्दछौं। अहिले वा पछि ती खराब तत्वहरूसँग सामना गर्न हरदम तयारी भएर बस्नुपर्छ। हामीलाई थाहा छ, हाम्रो आत्मिक संग्राम कुनै काल्पनिक वा मनगढन्ते नभएर वास्तविक हो। चाहे देखावटी होस् वा हाम्रो दिमागमा खुसखुस गरिरहने सैतानको आवाजसँग भिड्न कसरी तयार भइरहने भनेर पावलको अर्ती के छ? हेर्नुहोस्, एफिसी ६:१४ सहित अरू पदहरूः "यसकारण आफ्ना कम्मर सत्यले कसेर, धार्मिकताको छाती-पाता लाएर खड़ा होओ।" एफिसी ६:१४; " ८ सचेत रहो, जागा रहो, तिमीहरूको शत्रु दियाबलस कसलाई भेट्टाऊँ र खाइहाँलू भनी गर्जने सिंहझैं खोजिहिँड्छ। ९ विश्वासमा दह्रिला भएर त्यसको विरोध गर, किनकि संसारभरि नै तिमीहरूका दाजुभाइहरूले पनि यस्तै कष्टको अनुभव गरिरहनुपरेको छ।" १ पत्रुस ५:८-९; "जसरी ख्रीष्टले शरीरमा दुःख भोग्नुभयो, त्यसरी नै तिमीहरूले पनि त्यही किसिमको विचार धारण गर, किनभने जसले शरीरमा दुःख भोगेको छ, त्यसले पाप गर्न छोड़ेको हुन्छ।" १ पत्रुस ४:१; " ३३ परमेश्वरका चुनिएकाहरूका विरुद्धमा कसले अभियोग लाउनेछ? धर्मी ठहराउने परमेश्वर नै हुनुहुन्छ भने, ३४ दण्डको आज्ञा दिने को हो? मर्ने त ख्रीष्ट येशू, हुनुहुन्छ, जो मरेकाहरूबाट जीवित पारिनुभयो, र परमेश्वरको दाहिने बाहुलीतर्फ हुनुहुन्छ, र हाम्रा निम्ति मध्यस्थ पनि गर्नुहुन्छ। ३५ कसले**

**हामीलाई ख्रीष्टको प्रेमबाट अलग गर्ने? के सङ्कष्टले, अथवा दुःखले, वा खेदोले, वा अनिकालले, वा नग्नताले, अथवा खतराले वा तरवारले? ३६ यस्तो लेखिएको छ, "तपाईंको खातिर हामी दिनभरि मारिन्छौं, काटिने भेड़ाहरूजस्तै हामीहरू गनिएका छौं।" ३७ होइन, यी सबै कुरामा हामीलाई प्रेम गर्नुहुनेद्वारा हामी विजेताहरूभन्दा पनि अझ बढ़ी छौं। ३८ किनकि म यो पक्का गरी जान्दछु, कि मृत्युले वा जीवनले, स्वर्गदूतहरूले वा प्रधानताहरूले, वर्तमानका कुराहरूले वा पछि हुने कुराहरूले, वा शक्तिहरूले, ३९ उचाइले वा गहिराइले, वा सारा सृष्टिमा भएका कुनै पनि कुराले, ख्रीष्ट येशू हाम्रा प्रभुमा भएका परमेश्वरको प्रेमबाट हामीलाई अलग गर्न सक्नेछैन।" रोमी ८:३३-३९।**

विश्वासीहरू सैतानसँग तिब्र संग्राममा लागिरहेको (एफिसी ६:१३) भनेर चेतवानी दिंदै आफ्नो पाठकहरूलाई अन्तिम युद्धको निम्ति तयार हुनु (चौथो आह्वान, एफिसी ६:११,१३) र हातहतियार भिर्नु (एफिसी ६:१४-१७) भनेर पावलले आह्वान गर्दछन्। कम्मरमा पेटी बाँधेर तयार होउ भनेर उनले भन्छन् (यशैया ११:५)। पौराणिक कालमा कोही सैनिक युद्धमा जान्छ भनेर उसको खुकुलो पेटीलाई कस्सिनुपर्थ्यो (लूका १२:३५,२७; लूका १७:८)। रोमी सिपाहींहरूले जस्तो विश्वासीहरूले पनि अनेकौं हातहतियार भिरेको पावलले कल्पना गर्छन्। रोमी सिपाहींको पेटी छालाको हुन्थ्यो र त्यो पनि बढि सजाएको हुन्थ्यो। पेटीबाट छालाका फिताहरू झुन्डिन्थे। तिनीहरूमा फलामका चक्काहरू हुन्थ्यो। सैनिकहरूको तहलाई देखाउन ती फिताहरू बिल्लाको रूपमा प्रयोग हुन्थ्यो। त्यो एप्रोन वा चोलो जस्तै हुन्थ्यो। यसले सैनिकले भिर्ने वस्त्रलाई बाँधेर राख्थ्यो र अरू थोकहरू पनि ठिक ठाउँमा राखिछोड्थ्यो।

सत्य विश्वासीहरूको आफ्नै होइन; यो परमेश्वरको उपहार हो (एफिसी २:८ लाई मुक्तिलाई परमेश्वरको उपहार हो भनेको छ)। यो सत्य अदृश्यरूपमा लुकाइ राख्ने होइन। यो कुनै टाढाको राखिने तत्व होइन जसले मानिसहरूको जीवनमा प्रभाव नपारि थन्क्याइ राखिन्छ। विश्वासीहरूले परमेश्वरको सत्यलाई लगाउनु पर्छ। परमेश्वरको यो बरदानलाई अनुभव गर्नुपर्छ। तिनीहरूले परमेश्वरको सत्यलाई सम्हाल्ने होइन तर सत्यले तिनीहरूलाई सम्हाल्छ र सुरक्षित राख्छ।

धार्मिकताको छातीपाटा लगाउनु भनेर पावलले विश्वासीहरूलाई आह्वान गर्दछन् (१ थेस्सोलिनिकी ५:८ पनि हेर्नुहोस्)। सत्यको पेटी जस्तै यो

पनि परमेश्वरबाट नै आउँछ। यह्वेको हतियारको एक भाग हो। उहाँ युद्धमा ईश्वरीय योद्धाको भूमिका खेल्नुहुन्छ (यशैया ५९:१७)। पावलको समयमा शरीरलाई सुरक्षित राख्ने फलामको जाली भएको लुगा हुन्थ्यो। छातीपाटामा तहतह भएका फलाम हुन्थ्यो। यसले शरीरको मूख्य अङ्गलाई शत्रुको प्रहारलाई छेक्थ्यो। विश्वासीहरू पनि परमेश्वरले सुरक्षाको निम्ति पहिराउनुभएको धार्मिकताको छातीपाटा लगाउँदा सैतानका प्रहारहरूलाई कसरी सुरक्षित राख्छ सो अनुभव गर्नु आवश्यकछ। एफिसीको पुस्तकमा पावलले धार्मिकतालाई पवित्रता, भलाइ र सत्यसँग जोड्दछन् (एफिसी ४:२४, एफिसी ५:९)। चर्चका बन्धुसदस्यहरू एक आपसमा गुणस्तरीय व्यवहार गर्नुपर्छ भन्ने सोचमा पावल थिए।

**तपाईंको जीवनमा भलो गर्ने वा भलो चिताउने, पवित्रता र सत्य भनेको तपाईंलाई सुरक्षित राख्नै आत्मिक औजार हुन् भनेर कसरी अनुभव गर्नुभएको छ?**

## ३. जुत्ताहरू: शान्तिको निम्ति जहिले पनि तत्पर रहने चर्च

युद्धको निम्ति तयार हुने रोमी सिपाहींले सैनिक सान्डलहरू लगाउँछ र बलियोसँग फित्ताहरू बाँध्छन्। ती सान्डलहरूको तलुवामा खस्रो किलाहरू हुन्थे। त्यसले गर्दा सिपाहीं उभिन्दा जमिनलाई राम्रोसँग पक्रिराख्न सक्थ्यो (एफिसी ६:११,१३,१४)। रोमी सिपाहींले लगाउने यस खालको जुत्ताको बारेमा पावलले यशैया ५२:७बाट उतार्दछन्। जब यह्वेले उहाँका जनहरूको निम्ति युद्ध लड्नुभएको थियो र शान्ति छाइएको समाचारवाहकले ल्याउँछ तब त्यसबेला उत्सब मनाइन्थ्यो (यशैया ५२:८-१०): "सुसमाचार प्रचार गर्नेहरूका पाउ डाँड़ाहरू हुँदो कति सुन्दर छन्, जसले शान्तिको घोषणा गर्दछन्, जसले शुभ समाचार ल्याउँछन्, जसले उद्धारको घोषणा गर्दछन्, जसले सियोनलाई भन्दछन्, "तिम्रो परमेश्वरले राज्य गर्नुहुन्छ।" यशैया ५२:७।

**पावलले एफिसीमा आठ पल्ट शान्तिको बारेमा उल्लेखनीय मनतव्य व्यक्त गर्दछन्। यदि उनी शान्तिको निम्ति तत्पर छन् भने उनले किन सैनिक क्रियाकलापलाई चित्रण गरेर शान्तिको बारेमा सुनाउँछन्? हेर्नुहोस, "हाम्रा परमेश्वर पिता र हाम्रा प्रभु येशू ख्रीष्टबाट अनुग्रह र शान्ति।" एफिसी १:२; "१४ किनकि उहाँ नै हाम्रो शान्ति हुनुहुन्छ। उहाँले हामी दुवैलाई एउटै बनाउनुभएको छ, र विभाजन ल्याउने शत्रुताको पर्खाल भत्काइदिनुभएको छ।**

**१५ र उहाँले व्यवस्थालाई त्यसका आज्ञाहरू र धार्मिक-विधानहरूसमेत आफ्नै शरीरमा खारेज गर्नुभएको छ, कि यी दुईका सट्टामा उहाँले आफैमा एउटा नयाँ मानिस सृष्टि गरून्, र यसरी शान्ति स्थापना होस्। १६ अनि उहाँले क्रूसद्वारा हामी दुवैलाई एउटै शरीरमा परमेश्वरसँग मेल गराएर शत्रुतालाई शेष पार्नुभयो। १७ उहाँले आएर तिमी टाढ़ा भएका र नजिक भएकाहरूलाई मिलापको सुसमाचार सुनाउनुभयो, १८ किनकि उहाँद्वारा नै हामी दुवैले एउटै पवित्र आत्मामा पिताकहाँ प्रवेश पाएका छौं।**

**एफिसी २:१४-१८; "शान्तिको बन्धनमा पवित्र आत्माको एकता कायम राख्न प्रयत्न गर।" एफिसी ४:३; "खुट्टामा मिलापको सुसमाचारका जुत्ता लाएर तयार होओ...परमेश्वर पिता र प्रभु येशू ख्रीष्टबाट दाजुभाइहरूलाई शान्ति र विश्वाससहितको प्रेम!।" एफिसी ६:१५, २३।**

शान्ति ख्रीष्टको काम हो भनेर पावलले खुशी व्यक्त गर्छन्। ख्रीष्ट "हाम्रो शान्ति" जसले शान्तिको प्रचार गर्नुहुन्छ। "१४ किनकि उहाँ नै हाम्रो शान्ति हुनुहुन्छ। उहाँले हामी दुवैलाई एउटै बनाउनुभएको छ, र विभाजन ल्याउने शत्रुताको पर्खाल भत्काइदिनुभएको छ। १५ र उहाँले व्यवस्थालाई त्यसका आज्ञाहरू र धार्मिक-विधानहरूसमेत आफ्नै शरीरमा खारेज गर्नुभएको छ, कि यी दुईका सट्टामा उहाँले आफैमा एउटा नयाँ मानिस सृष्टि गरून्, र यसरी शान्ति स्थापना होस्। १६ अनि उहाँले क्रूसद्वारा हामी दुवैलाई एउटै शरीरमा परमेश्वरसँग मेल गराएर शत्रुतालाई शेष पार्नुभयो। १७ उहाँले आएर तिमी टाढ़ा भएका र नजिक भएकाहरूलाई मिलापको सुसमाचार सुनाउनुभयो।" एफिसी २:१४-१७। संसारका सबै जातिहरू अर्थात् यहूदी र अयहूदीहरूलाई उहाँले एउटै मानवताको सूत्रमा बाँध्नुभयो (एफिसी २:१५)। येशूभावनामाभावित हुन्छ तब भक्तहरूले ख्रीष्टको उद्धार र सृजनात्मक शान्तिलाई फैलाउँदा तिनीहरूले सुसमाचारको कथालाई जीवित राख्दछन्। तिनीहरूले विगतको विजय र आउने वाला बिजयको ध्वनीलाई चर्को स्वरले उच्चारण गर्छन्। यस प्रक्रियाले विश्वासीहरूको पाइटालाहरू बलियो जुत्ता लगाएको हुन्छ र युद्धको निम्ति उभेर बस्न तयार हुन्छन्। यशैया ५२:७मा बताएको अनुसार विश्वासीहरू त्यस समाचारवाहककहरू हुन् जसले ख्रीष्टको विजय र शान्तिको घोषणा गर्दछन्।

यो कुरा स्पष्ट हुनुपर्छ कि हामीले वास्तविक सैनिकको हातहतियार भिरेर हाम्र शत्रुहरूसँग युद्ध गरोस् भन्ने पावलको कहिल्यै पनि चाहना थिएन।

त्यसकारण, विश्वासीहरू "शान्तिको सुसमाचार" घोषणा गर्नेहरू हुन् भनेर उनले वर्णन गर्दछन् (एफिसी ६:१५)। विश्वासीहरू कसैसँग पनि मुठभेट गरेर सम्बन्ध बिगारियोस् भन्ने उनी चाहन्दैनन्। उनले नै एकताको निम्ति जोड गर्छन्, बोलीचालीमा सतर्क मनाउन चाहन्छन् र एक आपसमा कोमल हृदयले व्यवहार गरुन् भनेर उनले आह्वान गर्छन् (एफिसी ४:२५-५:२)। चर्च युद्धस्तरमा शान्तिको निम्ति अग्रसर हुन्छ र चर्चको हतियार भनेकै इसाई गुणहरू हुन् (नम्रता, धैर्यता, सहनशीलता, सदाशयता, क्षमाशीलता आदि) र प्रार्थना र आराधनामा सक्रिय हुन्छन्। येशूमा सबै थोक एककृत (एफिसी १:९,१०) गर्ने परमेश्वरको महान् योजनालाई सार्थक बनाउन विश्वासीहरूले ती गुणहरूलाई रणनीतिको रूपमा प्रयोग गर्छन्।

**हाम्रो जीवनमा पावलले भिराउन चाहेका सैनिक हतियारहरूलाई एलेन जी ह्वाइटको कथनले हामीलाई कस्तो स्पष्ट पार्न खोज्दछ? हेर्नुहोस्, "हामी हातहतियारले सुसज्जित हुन परमेश्वरले आह्वान गर्नुहुन्छ। तर राजा सावलको हतियार हामीलाई चाहिन्दैन, तर परमेश्वरको सम्पूर्ण हतियारको आवश्यकता हामीलाई छ। अनि हाम्रो हृदयमा ख्रीष्टको भावनाले अभिप्रेरित भएर काममा अग्रसर हुन सक्छौं। उहाँ जस्तै मायालु, कोमल, कृपालु र प्रेमिलो भएर मानिसहरूको माझमा हामी भिज्न सक्ने हुन्छौं।" अस्ट्रेलियन युनियन कन्फरेनस् रिकर्ड, जुनाइ २८, १८९९।**

## ४. ढाल, टोप र तरवार

**सैतानसँगको भिषण युद्धमा हामी पनि सहभागी भएकोले हामीसँग भएको ढाल, टोप र तरवारलाई कसरी प्रयोग गर्ने? हेर्नुहोस्, " १६ साथै विश्वासको ढाल उठाओ, जसबाट तिमीहरू दुष्टका सबै अग्निबाण निभाउन सक्नेछौ। १७ मुक्तिको टोप लगाओ, र पवित्र आत्माको तरवार लेओ, जोचाहिँ परमेश्वरको वचन हो।" एफिसी ६:१५-१७।**

जब पावलले ढाल भनेर उल्लेख गर्छन् यो रोमी सिपाहीँको हातमा हुने ठूलो ढाललाई औँल्याउँछन्। यो काठको बनिएको हुन्छ र छालाले ढाकेको हुन्छ। यसका किनाराहरू भित्रपट्टी मोडेको हुन्छ। शत्रूको आक्रमणबाट त्यसले छेक्दछ। जब त्यसलाई पानीले भिजाउँछ तब शत्रुको अग्निवाणहरूलाई निभाइदिन्छ। ती वाणहरू अलकत्रामा डुबाएको हुन्छ र आगो लगाएर शत्रुतिर हान्दथे। पावलले विश्वाको ढाल भन्दा पुरानो करारमा

यो परमेश्वरको परमेश्वरको प्रतिक थियो, जसले आफ्ना जनहरूलाई सुरक्षित राख्नुहुन्छ (उत्पत्ति १५:१, भजन ३:३)। विश्वासको ढाल उठाउनु भनेको परमेश्वरमा भरोसा राखेर ब्रम्हाण्डको युद्धमा लाग्नु हो। परमेश्वरले नै विश्वासीहरूको लागि युद्ध गर्नुहुन्छ (एफिसी ६:१०)। परमेश्वरले उत्तम हतियारहरू उपलब्ध गराउनुहुन्छ (एफिसी ६:११,१२) र विजयको निम्ति सुनिश्चित गर्दछ।

फेरि त्यसैबखत रोमी सैनिकले लगाउने टोप फलाम वा ढलौतको हुन्थ्यो। टाउको र घाँटीलाई सुरक्षा गर्न पछाडी पाटा हुन्थ्यो र कानमा पनि पाटा झुन्डिन्थ्यो। गालाहरूलाई सुरक्षा गर्न पनि पाटाहरू हुन्थ्यो। टोपले गर्ने महत्त्वपूर्ण सुरक्षालाई पावलले मुक्तिको टोप भनेर सम्बोधन गर्दछन् (एफिसी ६:१७)। यो कुनै पछि हुने मुक्ति होइन, तर वर्तमान जीवनमा पुनरुत्थान हुनुभएको, उक्लिनु र उचलिनुभएको ख्रीष्टसँग एक भएर बाँच्ने अनुभव हो (एफिसी २:६-१०। मुक्तिको टोप लगाउनु भनेको समय समयमा प्रहार गर्ने अन्धकारका आत्मिक शक्तिलाई अस्वीकार गर्नु हो र ख्रीष्टको सर्वोच्च शक्तिमाथि भरोसा राख्नु हो (एफिसी १:१५-२३, २:१-१०)।

अन्तिम हतियार आत्माको तरवार हो, जुन परमेश्वरको वचन हो (एफिसी ६:१७)। रोमीहरूको तरवार छोटो र दुई धारे हुन्थ्यो। युद्धमा प्रायजसो दुई छुरीहरूले हान्थ्यो र तरवार झिकेर शत्रुतिर हान्न द्रुतगतिमा अघि बढ्थ्यो। विश्वासीहरूको तरवार पवित्र आत्माको तरवार हो। पवित्र आत्माले उपलब्ध गराउनुहुने परमेश्वरको वचन नै विश्वासीहरूको हतियार हो। सेनापति जस्तो भएर पावल अगाडि बढ्छन् र हात हतियार उठाउन आह्वान गर्छन् र मूख्य सेनापति परमेश्वरका प्रतिज्ञाहरूमा आशा राख्दै विजय पथमा उनले लम्काउँछन्। एफिसी ६:१०-२०मा उल्लेख गरेका हतियारहरू उठाएर ती नै प्रतिज्ञाहरूलाई आत्मात् गर्न पावलले आह्वान गर्छन्। ती हतियाहरूमा मूख्य हतियार परमेश्वरको वचन हो जुन सैतान र उसका दुष्ट तत्वहरूसँग मुकाबिला गर्न शक्तिसम्पन्न गराउँछ। परमेश्वरको वचन भन्दा सुसमाचारमा पाइने अनगिन्तियौं प्रतिज्ञाहरू हुन।

**हामी शान्तिप्रिय मानिसहरूको निम्ति कतिपय सैनिक चित्रणहरूप्रति खास चासो त नराख्ला, तर त्यसले सैतानसँग गरिरहने भिषण द्वन्द्व कतिको वास्तविक छ र त्यसलाई हामीले कसरी गम्भीर भएर स्वीकार्नुपर्छ भनेर ती सैनिक चिणहरूले हामीलाई सिकाउँदछ?**

## ५. युद्धभूमिमा गरिने प्रार्थनाको उपयोग

युद्धमा सहभागी भइरहने विश्वासी सैनिकहरूलाई अन्तिम अर्ती दिँदै सबै सन्तहरूको निम्ति निरन्तररूपमा प्रार्थना गर भनेर पावलले आह्वान गर्दछन् (एफिसी ६:१८)। आफू पनि येशूको राजदूत भएकोले झ्यालखानामा पर्नुपरेको पावलको निम्ति पनि प्रार्थना गर भनेर विश्वासीहरूलाई अनुरोध गर्दछन् (एफिसी ६:१९,२०)। प्रार्थना गर्न गरिएको आह्वान पनि सैनिक चित्रणभित्र पर्छ किनकि पौराणिक युद्धमा परमेश्वर वा (भगवानहरूलाई) प्रार्थना गर्ने साधारण चलन थियो। यस मामिलामा बाइबल पनि उदाहरणीय छ। यहाशेलको अनुरोध पछि राजा यहोशापातले सारा यहूदाका मानिसहरूलाई घुँडा टेकाएर परमेश्वरको सामु प्रार्थना गरेका थिए। त्यही प्रार्थनाको प्रभावले उनले शत्रुहरूमाथि विजय पाएका थिए।

प्रार्थना सातौं अस्त्र नभएतापनि युद्धभूमिमा सैनिकहरूले लड्नुपर्ने चित्रण गर्दै सैतानसँगको युद्धमा प्रार्थना अभिङ्ग भाग हो भनेर पावलले जिकिर गर्दछन्। सारा सन्तहरूको निम्ति लगनशील र जोशिलो भएर निरन्तररूपमा प्रार्थना गर्न आवश्यक भएको पावलको पहिलो प्रार्थनाको अनुरोध थियो (एफिसी ६:१८)। दुष्टहरूसँगको युद्धमा यदि चर्च सफल हुन चाहन्छ भने पवित्र आत्माको प्रेरणामा भावित भएको प्रार्थना गरेर परमेश्वरसँग भर पर्नु आवश्यक छ।

पावलको प्रार्थनाको दोस्रो अनुरोध आफ्नै लागि होः "मेरो लागि पनि" (एफिसी ६:१९)। उनको अनुरोधमा अचम्मको के कुरो छ भने उनले रोमको कालकोठरीबाट छुट्कारा पाउन प्रार्थन गर भनेन बरू जब उनले कसैलाई वचन सुनाउँछ तब के वचन सुनाउने हो सो परमेश्वरले दिउन्, ठिक समयमा ("जब म मुख खोल्छु"), निडर भएर उचितरूपमा सुनाउन ("बहादुरीसाथ घोषणा गर्न सकुँ") र "सुसमाचारको रहस्यलाई" प्रकट गर्न सकुं भनेर उनले आफ्नो इच्छा प्रकट गर्दछन्। उनको निम्ति सुसाचार सुनाउने काम अत्यन्तै महत्त्वपूर्णको थियो (एफिसी ६:१९)। पावलको अन्तिम वाक्यांशलाई खुला रहस्य भने पनि हुन्छ। यहूदीहरूसँगै सारा अन्यजातिहरूलाई मुक्ति दिन परमेश्वरले ख्रीष्टबाट हस्तक्षेप गर्नुभएको थियो (एफिसी ३:१-१३)। त्यसले गर्दा सम्पूर्ण मानव जगत एक मानवतावादमा सृजना गरिएको थियो (एफिसी २:१५,११-२२)। सबै थोक ख्रीष्टमा एक बनाउने परमेश्वरको योजनाको घन्टी यो थियो (एफिसी १:१०)।

नयाँ करारका देहायका प्रार्थनाहरूको लागि गरेको आह्वान पढ्नुहोस्। कुन प्रार्थनाले तपाईको मन छोयो? किन? "१ तिनीहरू सधैं प्रार्थना गरिरहून् र निराश नहोऊन् भन्ने हेतुले उहाँले तिनीहरूलाई एउटा दृष्टान्त भन्नुभयोः २ "कुनै एउटा सहरमा परमेश्वरको भय नमान्ने र मानिसको वास्ता नगर्ने एक जना न्यायाधीश थिए। ३ त्यसै सहरमा एउटी विधवा थिई। त्यो तिनीकहाँ आइरहन्थी, र भन्थी, 'मेरो वादीको अगि मेरो न्याय गरिदिनुहोस्।' ४ "तिनले केही समयसम्म त मानेनन्, तर पछिबाट तिनले आफ्नो मनमा भने, 'म परमेश्वरको डर मान्दिनँ। मानिसको वास्ता पनि गर्दिनँ। ५ तर यस विधवाले मलाई हैरान पारेकी हुनाले म त्यसको न्याय गरिदिनेछु, नत्रता तिनी एकोहोरो आएर मलाई वाक्क बनाउनेछे'।" ६ प्रभुले भन्नुभयो, "सुन, ती अधर्मी न्यायाधीशले के भन्दछन्। ७ के परमेश्वरले उहाँलाई रातदिन पुकार्ने आफ्ना चुनिएकाहरूको न्याय गरिदिनुहुन्न र? के उहाँले तिनीहरूका निम्ति बियाँलो गर्नुहुन्छ र? ८ म तिमीहरूलाई भन्दछु, उहाँले चाँड़ै नै तिनीहरूको न्याय गरिदिनुहुनेछ। तापनि मानिसको पुत्र आउँदा के उसले पृथ्वीमा विश्वास भेट्टाउनेछ र?" लूका १८:१-८; "कुनै कुरामा चिन्तित नहोओ, तर हरेक कुरामा प्रार्थना र निवेदनद्वारा धन्यवादसहित तिमीहरूका बिन्ती परमेश्वरमा जाहेर होऊन्।" फिलिप्पी ४:६; "२ सतर्क भएर धन्यवादसहित स्थिर भई प्रार्थनामा लागिरहो। ३ हाम्रा निम्ति पनि प्रार्थना गर, ताकि ख्रीष्टको त्यो रहस्य प्रचार गर्नलाई परमेश्वरले हामीलाई वचनको निम्ति एउटा ढोका खोलिदेऊन्, जसको निम्ति म थुनामा परेको छु, ४ र मैले बोल्नुपर्ने वचन खुलस्त पार्न सकूँ।" कलस्सी ४:२-४; "१६ सधैं आनन्दित रहो। १७ निरन्तर प्रार्थना गरिरहो। १८ सबै परिस्थितिमा धन्यवाद देओ, किनकि ख्रीष्ट येशूमा तिमीहरूका लागि परमेश्वरको इच्छा यही हो।" १ थेसलोनिकी ५:१६-१८।

विश्वासीहरूलाई लगनशील भएर इमान्दारितासाथ निरन्तर प्रार्थना गर भनेर किन आह्वान गरिएको छ? पावलको सैनिक चित्रणले त्यसको दुई जवाफ दिन्छः (१) अलौकिक शक्तिका बैरीहरूको उपस्थिति कुनै मनगढन्ते वा काल्पनिक नभएर यथार्थ वा वास्तविक हो। तिनीहरूसँग आत्मिक वा आध्यात्मिक युद्ध गरिरहनु अत्यन्तै जरुरी छ; (२) हाम्रो विजयको निम्ति चाहिने आत्मिक बल परमेश्वरले प्रतिज्ञा गर्नुभएको छ। जसरी युद्धमा बहादुरसाथ सामेल हुन्छौं (एफिसी ६:१०-२०) तब विजय सुनिश्चित छ। जब हामी हृदयदेखि नै इमान्दार भएर लगनशील र निरन्तर प्रार्थमा लागिरहन्छौं

तब परमेश्वरले दिनुभएको प्रतिज्ञाहरूलाई होशियारसाथ सुन्न हामीलाई अवसर दिइन्छ। ती प्रतिज्ञाहरूप्रति आनन्दित हुनसक्छौं, र परमेश्वरको अनुग्रहको स्रोतहरूको निम्ति हामी उहाँप्रति आभारित भएर धन्यवाद दिन सक्छौं।

## उपसंहार

**थप जानकारीः** "यदि युद्धभूमिमा सैनिकहरू एक भएर युद्ध गरेन भने त्यहाँ सबै अन्यौलमा पर्नेहुन्छ र कमजोर पनिहुन्छ। यदि सिपाहींहरू आआफ्नै तालले हिँडछन् र एक आपससँग मिलेर आदेश दिएको अनुसार पङ्क्तिमा चलेर युद्ध गरिएन भने तिनीहरू केवल स्वतन्त्र अणुहरूमात्र हुनेछ। तिनीहरू सुसंगठित भएर चल्न सक्ने हुँदैन। त्यसकारण, ख्रीष्टका योद्धाहरू चर्चमा सबैसँग तालमेल गरेर चल्नैपर्छ। कोही पनि चर्चबाट स्वतन्त्र भएर बस्ने वा काम गर्ने कुरो मनमा सजाउनुहुन्न। यदि चर्चका सबै सदस्यहरू एक भएर चल्यो भने त्यहाँ परिपक्व तालमेल हुनेछ, सबैको दिमाग एक हुनेछ, सबैको लक्ष्य एक हुनेछ र महान् लक्ष्यको निम्ति समर्पित हुनेछ। यदि त्यसरी अघि बढिएन भने तिनीहरूको कुनै लक्ष्य र प्रयासहरू असली अर्थमा फलदायी हुँदैन, तिनीहरूको समय र दक्षता बेकारको हुन्छ। एकतानै शक्ति हो। यदि केवल थोरैमात्र भएपनि येशूप्रति आस्था राखेर परिवर्तित जीवन बिताउँदै एक आपसमा तालमेल गरेर चल्छन्, एक अगुवा वा छातामुनि एउटै लक्ष्य लिएर अघि बढ्छ भने सैतानसँग गरिने प्रत्येक मुकाविलामा तिनीहरू विजयी हुनेछन्।"-एलेन जी ह्वाइट, *स्पाल्डिङ्ग एण्ड मेगना कलेक्सन,* पृ. १२१ ।

**"आफू सिक्रीले बाँधिएको राजदुत" (एफिसी ६:२०) भनेर पावलले आफूलाई गरेको सम्बोधनको महत्त्व के छ ?**

युद्धको बेलामा राजदूतहरूको भूमिका उल्लेखनीय र चुनौतीपूर्ण हुन्छ। सैनक शैलीमा पावलले आफूलाई गरेको चित्रण मिल्दछ। राजदूतहरूलाई सम्मानपूर्वक व्यवहार गरिन्छ किनभने तिनीहरू आआफ्ना देशहरूको प्रतिनिधीहरू हुन्। जगतको सर्वोच्च शासकको राजदूत भएर उनलाई गरिएको व्यवहार अत्यन्तै अपमानजनक थियो। जुन देश वा तत्वहरूले उनलाई सिक्रीले बाँधे तिनीहरूले परमेश्वरप्रति नै अनादार भएको प्रमाणित गरेको थियो। तैपनि, राजदूतहरू आफ्नो कार्यालयमा बाँधिरहुनपर्ने वा भइरहनु पर्ने भएकोले पावलले आफूलाई सिक्रिले बाँधिएको भन्दा आफूलाई व्यङ्ग हानेको पनि हुनसक्छ। उनको सिक्री भनेको उनको दर्जाको विशेष

बिल्ला हुन् भनेर पावलले महसुस गरेको हुनुपर्छ।" डेविद जे. विलियमस्, पावलस मेटाफरः *देयर कन्टेक्स्ट एण्ड क्यारेक्टर*, पिबडी, मासाचुसेटः हेन्ड्रिक्सन, १९९९, पृ. १५२।

**चिन्तनमननः**

अ. हामी जहाँ भएतपनि कुनै न कुनै किसिमको युद्ध भइरहेका छन्। तपाईं र तपाईंको चर्चको निम्ति शान्तिको निम्ति प्रयास गर्नु भनेको के हुनसक्छ? अनेकौ हिंसा, खराब तत्व र झैंझगडाले अड्डा जमाइरहेको यस संसारमा हामी शान्तिको निम्ति कस्तो माध्यम हुन सक्छौं?

आ. तपाईंतिर खास के अग्निवाणहरू हुट्याइरहेका छन्? तिनीहरूलाई साम्य पार्न विश्वासको ढाललाई कसरी प्रयोगमा ल्याउने?


इ. हामी कहिलेकाहीँ प्रार्थनाका योद्धाहरू हौं भनेर आफूहरूलाई सम्बोधन गर्छौं। एफिसी ६:१८-२०लाई आधार बनाएर हामी कसरी प्रार्थनामा तल्लिन हुन सक्छौं होला?

ई. परमेश्वरको सैतानको बीचमा भइरहेको युद्धमा घाइटे हुनेहरूलाई तपाईंले कसरी उपचार गर्न सक्नुहुन्छ? त्यस युद्धको चर्को स्थानमा परिरहेको इसाई विश्वासीलाई कसरी सम्झाउने, किनकि कित ऊ डरले भाग्छ वा खुलेआम सैतानको पक्षमा रहेर उसलाई आत्मसमर्पण गर्न सक्दछ?

## कथा १३

# विभिन्न बाधाहरूको परमेश्वरको आस्थाद्वारा सामना

## आमन्डस, लाटाभिया



९५ वर्षीकी महिलाले कुरालाई लाटाभीको पास्टर आमन्डासलाई सुनाउँदा उनी चकित भएका थिए। ती महिला पावलिन थिइन्। आफ्नो दुई तले घरलाई सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा परिणत गर्न आफूले सुम्पिन निर्णय गरेकी थिइन्। यो लाटाभिया देशको राजधानी रिगामा हुने चर्चको कुरो हो। अनि दोस्रो विश्वयुद्धमा आफ्नो भएको घरको लालपूर्जाहरू पास्टरलाई दिइन्।

यो सन १९९१को कुरो हो। लाटाभिया भर्खरै स्वतन्त्र भएको थियो। यो देश सोभियतसंघको कब्जामा थियो। कम्युनिस्ट शासकले त्यो देशका जनताको निजि सम्पत्ति सरकारले कब्जा गरेको थियो। अब जो जोसँग लालपुर्जा थियो त्यसको जमिन उसैलाई फर्काउने लाटाभियाको सरकारले निर्णय गरेको थियो। पावलिनको घरको लालपूर्जा उनीसँगै थियो। उनले त्यो लालपुर्जा १९७२देखि आफूसँग राखेकी थिइन्। यो घर पहिला आना नाउँको स्त्रीको थियो। उनको घर सेभेन्थ-डे एडभेन्टिस्ट चर्च होस् भन्ने उनी मर्नुभन्दा अघि आफ्नो चाहना व्यक्त गरेकी थिइन्। पास्टर आर्मान्डाले यस्तो स्थितिमा पहिला कहिल्यै पनि परेको थिएन। यदि चर्चले त्यो घर पाउन सक्छ भने आफू कोशिश गर्ने सुरुमा उनी लागे।

यो घरको कथा यस्तो छ। जब १९४०मा सोभियतसंगले लाटाभिया कब्जा गरे तब आनाले आफ्नो अचल सम्पत्ति गुमाएकी थिइन्। उनको ठूलो जमिन थियो र त्यसमन दुई घरहरू थिए। एउटा घर दुई तलाको थियो र प्रत्येक तलामा भाडामा दिने अपार्टमेन्ट थियो। अर्को एकतलाको घरमा तीन अपार्टमेन्ट थियो।

आनाले प्रभु र सेभेन्थ-डे एडभेन्टिस्ट चर्चलाई हृदयदेखि नै अति प्रेम गर्थिन्। सोभियतसंघ एक दिन टुक्रिनेछ र उनको सम्पत्ति उनलाई नै फिर्ता गरिनेछ भन्ने कुरामा उनी विश्वस्त थिइन्। "मैले मेरो सम्पत्तिलाई आफ्नो हो भनेर मैले कसरी दावी गर्ने र चर्चलाई त्यो कसरी हस्तारन्तर गर्ने?" भन्ने सोचमा उनी थिइन्। त्यसबेला यो मामिलालाई एडभेन्टिस्ट पास्टरसँग छलफल

गरिन्। तर, त्यसबेला सोभियतसंघले कब्जा गरेको निजि सम्पत्ति आफ्नै हो भनेर कसैले दावी गर्न सक्दैनथ्यो। "बहिनी, यो त अब तिम्रो होइन, तिमीले चर्चलाई कसरी दिने?" भनेर लाचार हुँदै त्यस पास्टरले उनलाई सुनाए।

समयमा सबै थोक परिवर्तन हुनेछ भनेर आनाले विश्वास गरेकि थिइन्। यदि आफ्नो अचल सम्पत्तिलाई चर्चलाई दिने दिनसम्म उनी बाँचिनन् भने आफ्नो सम्पत्ति उनकी किशोरी साथी पावलिनलाई छोड्न इच्छापत्र लेख्ने निर्णय गरिन्। उनलाई थाहा थियो उनको इच्छा पावलिनले पूरा गर्नेछिन्। १९६३मा आफ्नो अचल सम्पत्तिको लालपूर्जा पावलिनलाई हस्तान्तर गरिन्। पछि गएर त्यो सम्पत्ति एडभेन्टिस्ट चर्चलाई सुम्पिने शर्तमा त्यो लालपूर्जा पावलिनलाई दिएको थियो। त्यो इच्छापत्र एक जना वकिल र चर्चका दुई जना सदस्यले सही गरेका थिए। यथार्थमा त्यसबेला त्यो कागज मनगढन्ते थियो किनभने त्यसमा कुनै कानुनी मान्यता थिएन। सोभियत राज्यको कानुनमा कसैको निजि सम्पत्ति राख्न पाउँदैनथ्यो। जनताको सबै निजि सम्पत्ति राष्ट्रियकरण गरेको थियो। त्यसबेला कानुनमा केही परिवर्तन हुनेछ भनेर अलिकति पनि आशा थिएन। तर जनताको सम्पत्ति जनतालाई दिने उदारवादी पेरेस्ट्रोइका र ग्लासनस्ट नीति धेरै टाढाको अवधारणा थियो। तर आनासँग साछी बसेका दुई जना र वकिलले त्यस कागजमा सही गरे। एक फेरा त्यो सम्पत्ति आनाको थियो भनेर त्यस कागजपत्रले अनुमोदन गरेको थियो।

आनाले आफ्नो सपना पूरा भएको हेर्न पाएको थिएन। १९७२मा ८० वर्षको उमेरमा उनको देहान्त भयो। उनको देहान्त भएको २० वर्षपछि लाटाभिया रुसबाट स्वतन्त्र भएको थियो।

सन १९९१ मा लाटाभिया सोभियतसंघबाट स्वतन्त्र भएको थियो। आनाकव वचन राख्ने पावलिनले निर्णय गरेकी थिइन्। उनी ९५ वर्षकी थिइन्। उनले घर जग्गाको लालपूर्जा पास्टर आर्मान्डसलाई दिए। त्यसमा साछी बसेका दुई जनाहरू जिवितै थिए। आनाको सपना पूरा गर्ने पावलिनले प्रार्थना गरेकी थिइन्। आर्मान्डाले सहयोग गर्ने बचन दिए र पावलिनले उनलाई त्यो कागजपत्रलाई कार्यान्वयन गर्न कानुनी अधिकार दिइन्। त्यो सम्पत्ति पावलिनको थियो भनेर पास्टरले सरकारलाई प्रमाणित गर्नुपरेको थियो। तर त्यसको निम्ति उनले लामो र जटिल प्रक्रिया थाल्नु परेको थियो। पावलिनका दुई छोराछोरी र नातीहरू चर्चका सदस्य थिएन र त्यो सम्पत्ति आफ्नो हुनुपर्ने तिनीहरूले जिकिर गरेका थिए। तर आखिरमा आएर आनाको

सपना पूरा भयो। त्यो सम्पत्ति पावलिनकै थियो भनेर प्रमाणित भयो र एडभेन्टिस्ट चर्चलाई नै त्यो सम्पत्ति हस्तारन्तर गरियो। चर्चले आभारित भएर त्यस उदार उपहारलाई स्वीकार गर्‍यो र त्यस घर जग्गामा चर्च कार्यक्रम चलाउन थालियो। अनि नयाँ चर्चको निर्माण त्यसको जग्गामा सुरु गरियो। सन २००४मा चर्चको निर्माण कार्यक्रम सम्पन्न भयो। त्यसको चार वर्षपछि पावलिनको देहान्त भयो। उनी १०४ वर्षकी थिइन्।

पास्टर आर्मान्डा अहिले ७६ वर्षको हुनुहुनुहुन्छ। उनी उनको कामबाट अवकाश पाएका छन्। उनी आनाको पुरानो घरमा बस्नुहुन्छ। आस्थाको नजरले आना र पावलिनले आफ्नो सम्पत्तिलाई कसरी हेरेका थिए भनेर बताउन उनलाई रमाइलो लाग्छ, "ती दुई दुई दिदीहरूको आस्था तथा विश्वास अचम्मको छ।"

**-आन्ड्र्यु मेक्चेस्नी**